## विशेष इजलास

**स.प्र.न्या. श्री खिलराज रेग्मी, मा. न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६८-WS-००६३, उत्प्रेषणसमेत, *अधिवक्ता ओमप्रकाश अर्यालसमेत वि. राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवनसमेत*

राष्ट्रिय मानव अधिकार आयोगले गर्नुपर्ने कार्यहरूअन्तर्गत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ को उपधारा (२) को देहाय (क)मा कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनउपर पीडित व्यक्ति स्वयम वा निजको तर्फबाट अन्य कसले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरी दोषीउपर कारवाही गर्न सिफारिश गर्नेसमेतको काम अभिनिश्चित् भएको देखिन आउँछ । मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनबाट पीडित व्यक्ति स्वयम वा निजको तर्फबाट अन्य कसैले पनि आयोगमा उजूरी वा निवेदन कुनै निश्चित् हदम्यादभित्र सीमित भई दिनु पर्ने वा त्यस्तो घटना वा कार्य भए गरेको मितिका आधारमा सोसम्बन्धी उजूरी वा निवेदन वा जानकारी लिन आयोगले कुनै खास अवधिभित्र सीमित रहनुपर्ने भन्ने संवैधानिक व्यवस्थाको मनसाय रहेको नपाइने ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को परिच्छेद ३ मा उजूरी कारवाहीसम्बन्धी कार्यविधि शीर्षकअन्तर्गत दफा १० देखि १७ सम्म विभिन्न व्यवस्थाहरू गरिएको देखिन्छ । दफा १० मा उजूरी दिन सक्ने शीर्षकअन्तर्गत उपदफा (१) देखि (५) सम्म विभिन्न प्रक्रियाहरूको बारेमा उल्लेख गरिएको देखिन्छ । यसैक्रममा विवादित उपदफा (५) मा - "मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको, कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले ६ महिनाभित्र आयोगमा उजूरी गरिसक्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था गरिएको देखियो । यस व्यवस्थाअनुसार मानव अधिकार उल्लङ्घन भएको वा त्यसको दुरुत्साहन भएकोमा सो कुरा भए गरेको मितिले र कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले ६ महिनाभित्र अनिवार्यरूपमा आयोग समक्ष सो विषयमा उजूरी गरिसक्नुपर्ने देखिन आयो । "६ महिनाभित्र आयोगमा उजूरी गरिसक्नुपर्ने छ" भन्ने व्यवस्थाले मानव अधिकार उल्लङ्घन भएको वा त्यसको दुरुत्साहन भएको घटनाकाबारेमा वा कुनै व्यक्तिलाई कसैले नियन्त्रणमा लिई मानव अधिकारको उल्लङ्घन गरेको घटनाको बारेमा उजूरी गर्दा सो घटना भएका मितिले वा नियन्त्रणबाट छुटेको वा सार्वजनिक भएको मितिले ६ महिनाभित्र उजूरी गर्नुसक्नुपर्ने अन्यथा सो मिति पछाडि आयोगमा उजूरी लाग्न नसक्ने भन्ने सो कानूनी व्यवस्थाको मनसाय देखिन आयो । ऐनको यस व्यवस्थाअनुसार मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको मितिले ६ महिनाभित्र उजूरी गरिसक्नुपर्ने अन्यथा सो विषयमा उजूरी नलाग्ने भन्ने देखिन्छ भने कसैले कसैलाई नियन्त्रणमा लिई मानव अधिकार उल्लङ्घन गरेकोमा सो नियन्त्रणमा पर्ने व्यक्तिले सो नियन्त्रणबाट छुटेको वा सार्वजनिक भएको मितिले ६ महिनाभित्र उजूरी गर्नुपर्ने अन्यथा सो मितिपछि त्यस घटनाको बारेमा आयोगमा कुनै उजूरी लाग्न नसक्ने भन्ने देखियो ।

उक्त दफा १० को उपदफा (५) भन्दा अगाडि उपदफा (१), (२), (३), (४) ले मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनको विषयमा पीडित व्यक्ति स्वयम् वा निजको तर्फबाट अन्य कसैले आयोगसमक्ष उजूरी दिने, सो उजूरी दर्ता गर्ने प्रक्रिया र दर्ताको जानकारी दर्तावाला व्यक्तिलाई दिने विषयहरूको बारेमा स्पष्ट पारेको देखिन्छ भने विवादित उपदफा (५) ले चाहिँ उपदफा (१), (२), (३) र (४) का विषयहरूलाई समेत नियन्त्रित गर्ने

गरी मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको वा कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले ६ महिनाभित्र आयोगमा उजूरी गरिसक्नुपर्ने छ भन्ने व्यवस्था गरी संविधानको धारा १३२ को उपधारा (२) को देहाय(क)को संवैधानिक प्रावधानभन्दा बेग्लै र थप शर्तको रूपमा हदम्यादको व्यवस्था गरेको देखिन्छ । दफा १० को उपदफा (५) को हदम्यादसम्बन्धी व्यवस्थाले संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (क)लाई प्रत्यक्षतः नियन्त्रित र सङ्कुचित गरेको देखियो । यसरी संवैधानिक प्रावधानको सीमाभन्दा बाहिर गई संविधानको व्यवस्थाको मनसायप्रतिकूल हुने गरी मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनको विषयमा उजूरी वा निवेदन गर्ने प्रयोजनका लागि त्यस्तो कार्य भए गरेको वा कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सोबाट छुटेको वा सार्वजनिक भएको मितिले ६ महिनाभित्र आयोगमा उजूरी गरिसक्नुपर्ने गरी हदम्यादको शर्त तोक्ने गरी व्यवस्था गरिएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १० को उपदफा (५) को कानूनी व्यवस्था संविधानको धारा १३२ को उपधारा (२) को देहाय (क)सँग प्रत्यक्षरूपमा बाझिएको देखिने ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ को उपदफा (४) को सम्बन्धमा विचार गर्दा उक्त दफा १६ मा( क्षतिपूर्तिसम्बन्धी व्यवस्था शीर्षकअन्तर्गत उपदफा (१), (२), (३), (४) र (५) मा क्षतिपूर्तिसम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएको देखिन्छ । विवादित उपदफा (४) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मानव अधिकारको उल्लङ्घन भएको सम्बन्धमा पीडित व्यक्तिले अन्य प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाएको वा क्षतिपूर्तिको लागि कारवाही अगाडि बढाएको भएमा आयोगले क्षतिपूर्ति सम्बन्धमा कुनै निर्णय गर्ने छैन भन्ने व्यवस्था गरिएको देखियो । सो व्यवस्थासमेत संविधानको धारा १३२ को उपधारा (१) को विपरीत रहेको भन्ने निवेदकहरूको दावी छ । मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनको विषयमा आयोगले छानबिन गर्दा पीडित देखिएको व्यक्तिलाई क्षतिपूर्ति दिनुपर्ने देखिएमा त्यस्तो व्यक्तिले पाउने क्षतिपूर्ति आयोगले निर्धारण गर्नसक्ने गरी दफा १६ को उपदफा (१), (२) र (३) मा व्यवस्था भएको र विवादित उपदफा (४) मा अन्य प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाएको वा क्षतिपूर्तिका लागि कारवाही अगाडि बढाएको भएमा आयोगले क्षतिपूर्ति सम्बन्धमा कुनै निर्णय गर्ने छैन भनी मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनबाट पीडित व्यक्तिले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अन्तर्गतबाहेक अन्य प्रचलित कानूनबमोजिम क्षतिपूर्ति पाइसकेको वा सोको कारवाही अगाडि बढाएको अवस्थामासम्म त्यस्तो व्यक्तिलाई दिनुपर्ने क्षतिपूर्तिका बारेमा आयोगका तर्फबाट निर्णय नगरिने व्यवस्था गरिएको देखिन्छ । यस कानूनी व्यवस्थाले मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनबाट पीडित व्यक्तिले क्षतिपूर्ति पाउने प्रक्रियालाई नै अवरुद्ध पारेको भन्ने नभई यदि मानव अधिकार उल्लङ्घनको उही घटना वा कार्यबाट पीडित व्यक्तिले प्रचलित अन्य कानूनबमोजिम क्षतिपूर्ति पाइसकेको वा सो विषयमा कारवाही अगाडि बढाएको भएमा मात्र क्षतिपूर्तिसम्बन्धमा आयोगले निर्णय गर्ने छैन भन्ने व्यवस्था गरी दोहोरो क्षतिपूर्ति प्राप्त गर्ने गरी आयोगबाट सोही विषयमा निर्णय नहोस् भनी उक्त कानूनी व्यवस्था गरिएको देखिन्छ । यो व्यवस्थाले मानव अधिकार उल्लङ्घन वा सोको दुरुत्साहनबाट पीडित व्यक्तिले क्षतिपूर्ति नै नपाउने अवस्था पनि देखिँदैन । मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनबाट पीडित व्यक्तिलाई दिइने क्षतिपूर्ति मानव अधिकार आयोग वा अन्य जुनसुकै निकायबाट उपलब्ध गराइए पनि क्षतिपूर्तिको मूल उद्देश्य पीडित व्यक्तिलाई राहत दिनु नै हो । त्यसैले पीडित व्यक्तिले अन्य प्रचलित कानूनबमोजिम मानव अधिकार आयोगबाहेकको अन्य निकायबाट क्षतिपूर्ति पाइसकेको वा सो को लागि कारवाही अगाडि बढाएको अवस्थामा सम्म आयोगले सो व्यक्तिले पाउने क्षतिपूर्तिको बारेमा निर्णय नगर्ने भन्ने सो कानूनी व्यवस्थाको मनसाय रहेको देखिन्छ । तर सो कानूनी व्यवस्थाबाट पीडितले क्षतिपूर्ति नपाएको अवस्थामा वा दोहोरो क्षतिपूर्ति नहुने गरी सो विषयमा आयोगले निर्णय गर्न कुनै

बन्देज रहेको पनि देखिँदैन । तसर्थ, ऐनको दफा १६को विवादित उपदफा (४) को कानूनी व्यवस्थाले आयोगलाई संविधानको धारा १३२ को उपधारा (१) द्वारा प्रदत्त काम, कर्तव्य र अधिकारमा कुनै प्रतिकूल असर पुऱ्याउने वा सो काम, कर्तव्य र अधिकारलाई सङ्कुचित, नियन्त्रित वा सीमित गरेको अवस्थासमेत देखिँदैन । अतः राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ को उपदफा (४) को कानूनी व्यवस्था संविधानको धारा १३२ को उपधारा (१) समेतको विपरीत रहेको भन्ने नदेखिने ।

राष्ट्रिय मानव अधिकार आयोग ऐनको दफा १७ को उपदफा (१०) को विषयमा विचार गर्दा सो उपदफा (१०) मा- "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) बमोजिम सिफारिशभई आएको विषयका सम्बन्धमा महान्यायाधिवक्ताले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन नमिल्ने भनी निर्णय गरेमा सोको कारण खुलाई महान्यायाधिवक्ताको कार्यालयले आयोगलाई जानकारी दिनुपर्नेछ" भन्ने व्यवस्था गरिएको देखियो । ऐनको दफा १७ मा आयोगको सिफारिश, निर्णय वा आदेशको कार्यान्वयन शीर्षकअन्तर्गत उपदफा (१) देखि (१३) सम्म विभिन्न व्यवस्थाहरू रहेका र विवादित उपदफा (१०) ले संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) बमोजिम मानव अधिकार आयोगबाट सिफारिश भई आएको विषयमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरेमा सोको कारणसहित आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । उक्त उपदफा (१०) को संरचना हेर्दा संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) को कार्यान्वयनको लागि बनेको भन्ने देखिँदा संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) सँग सादृश्य गरी उक्त कानूनी व्यवस्थालाई हेरिनु आवश्यक भएको छ । संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) मा "मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने" भनी मानव अधिकार आयोगको संवैधानिक काम निश्चित् गरिएको देखिन्छ । सो व्यवस्थाअनुसार मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध आवश्यक अनुसन्धान गरी त्यस्तो व्यक्तिउपर प्रचलित कानूनबमोजिम मुद्दा दायर गर्न आवश्यकता भएमा अदालतमा मुद्दा दायर गर्नको लागि आयोगले सिफारिश गर्ने र त्यसरी सिफारिश भई आएपछि सम्बन्धित पदाधिकारी वा निकायले पनि त्यस्तो व्यक्तिउपर अदालतमा कानूनबमोजिम मुद्दा दायर गर्नु पर्ने स्पष्ट संवैधानिक मनसाय रहेको देखिन्छ । "मुद्दा चलाउन आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने" भन्ने वाक्यांशबाटै मानव अधिकार उल्लङ्घनको विषयमा आवश्यक छानबिन र अनुसन्धान गरी दोषी देखिएको व्यक्तिउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनुपर्ने आवश्यकता छ, छैन भन्ने कुराको निर्णय गर्न मानव अधिकार आयोगलाई पूर्ण अधिकार रहेको र तदनुरूप कसैउपर मुद्दा चलाउनुपर्ने आवश्यकता छ भन्ने तथ्यमा आयोग सन्तुष्ट भई मुद्दा चलाउने निर्णय गरी सो मुद्दा दायर गर्नको लागि सम्बन्धित पदाधिकारी वा निकायसमक्ष आयोगले सिफारिश गर्न सक्ने र त्यसरी मुद्दा दायर गर्न सिफारिश भई आएमा त्यस्तो निकाय वा पदाधिकारीले पनि मानव अधिकार उल्लङ्घनको दोषीउपर प्रचलित कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्नु पर्ने देखिन्छ । संविधानको उपर्युक्त प्रावधानबाट मानव अधिकारको उल्लङ्घनको विषयमा अनुसन्धान गरी दोषीउपर मुद्दा चलाउन आवश्यक छ, छैन भन्ने कुराको निर्णय गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई पूर्ण अधिकार प्राप्त भएको अवस्था देखिन्छ । त्यसरी मुद्दा चलाउने निर्णय गरी आयोगले सो मुद्दा दायर गर्न सिफारिश गरी पठाई सकेपछि तत् विषयमा मुद्दा चल्ने वा नचल्ने भनी महान्यायाधिवक्ता वा सो मातहतको अन्य कुनै सरकारी वकील कार्यालयले सो मुद्दा नचलाउने वा आयोगले मुद्दा दायर गर्ने गरी सिफारिश गरिसकेको विषयलाई निष्प्रभावी हुने गरी अन्यथा निर्णय गर्न सक्ने अधिकार संविधानतः रहे भएको पनि देखिँदैन । किनभने संविधानको धारा १३५को उपधारा (२) मा "...यस संविधानमा अन्यथा

लेखिएदेखिबाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । सो व्यवस्थाअनुसार नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निणय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने हो । तर मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्तिउपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिश गरी पठाएपछि महान्यायाधिवक्ताले सो विषयमा मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने होइन । संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (२) को मुद्दा दायर गर्न सिफारिश गर्ने आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुन सक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा(२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको औचित्य नै नरहने ।

संविधानले महान्यायाधिवक्तालाई संवैधानिक अङ्गकैरूपमा स्थापना गरेको र धारा १३५को उपधारा (२) ले कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको हुँदा संविधानको धारा १३२(२) को खण्ड (ग) बमोजिमको सिफारिश पनि स्वतः कार्यान्वयन हुने नभई त्यसमा महान्यायाधिवक्ताले विचार गरी प्रचलित कानूनबमोजिम मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्न ऊ स्वतन्त्र हुन्छ भन्ने पनि विपक्षीतर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले तर्क प्रस्तुत गर्नु भएको सन्दर्भमा संविधानको धारा १३४ र धारा १३५(२) को समग्र व्यवस्थालाई हेरिनु आवश्यक छ । संविधानको धारा १३४ अनुसार महान्यायाधिवक्ता प्रधानमन्त्रीबाट नियुक्त हुने, निजकै इच्छाअनुसारको अवधिसम्म पदमा बहाल रहने र प्रधानमन्त्रीले जुनसुकै बखत निजलाई पदमुक्त गर्न सक्ने देखिन्छ । यसबाट महान्यायाधिवक्ता संवैधानिक पदाधिकारी भएता पनि निज प्रधानमन्त्रीप्रति पूर्ण वफादार रही निजकै इच्छाअनुसार मात्र पदमा बहाल रहने देखिन्छन् । महान्यायाधिवक्तासम्बन्धी संवैधानिक व्यवस्थाबाटै निजले प्रधानमन्त्रीको इच्छाविपरीत हुने गरी कुनै काम गर्न सम्भव छैन । यदि प्रधानमन्त्रीले महान्यायाधिवक्ताको काम कारवाही वा निर्णयबाट असजिलो महसूस गरेमा निजलाई जुनसुकै बखत पनि पदमुक्त गर्न सक्ने भएकोले आफ्नो पदलाई खतरामा राखी महान्यायाधिवक्ताले मानव अधिकार आयोगको सिफारिशलाई स्वतः कार्यान्वयन गर्न सक्तछ भनी अनुमान गर्न पनि नमिल्ने ।

संविधानले मानव अधिकारको उल्लङ्घनको विषयमा अनुसन्धान गरी दोषी व्यक्तिउपर मुद्दा दायर गर्न सिफारिश गर्न सक्ने गरी राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अधिकार प्रदान गर्नुको पनि खास औचित्य र प्रयोजन हुन्छ । मानव अधिकारको उल्लङ्घन स्वयम्मा मानवीय कानून एवं मानवता विरुद्धको अपराध मानिन्छ । यस्तो अपराधलाई राज्यको सीमाभित्र मात्र सीमित गरी हेर्ने भन्दा यसलाई अन्तर्राष्ट्रिय स्तरमासमेत मानवता विरुद्धको अपराध मानी यसलाई नियन्त्रित गर्ने र दोषीउपर कारवाही गर्न प्रत्येक राज्यलाई नैतिक दबाब दिने अन्तरराष्ट्रिय अभ्यास रहिआएको छ । त्यसैले मानव अधिकारको उल्लङ्घन गर्नेका विरूद्ध राष्ट्रिय कानूनले पर्याप्त कानूनी उपचारको व्यवस्था गर्न नसकेमा अन्तरराष्ट्रिय कानूनबमोजिमसमेत कारवाही गर्ने व्यवस्थाहरू प्रभावकारी बन्दै गएको नदेखिने ।

मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिश गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छ, वा छैन भनी आयोगको सिफारिशको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने ।

संवैधानिक परिषद्को सिफारिशमा नियुक्त हुने आयोगका अध्यक्ष तथा सदस्यहरू मानव अधिकारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा वा समाज सेवामा विशिष्ट योगदान दिएका ख्याति प्राप्त व्यक्तिमध्येबाट नियुक्त हुने र त्यसका सदस्यहरू समेत मानव अधिकारको क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट नियुक्त हुने संवैधानिक व्यवस्था छ । यस्तो स्वतन्त्र एवं स्वायत्त संवैधानिक निकायले मानव अधिकारको दोषीउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनु आवश्यक छ भनी मुद्दा दायर गर्न सिफारिश गर्नुपूर्व प्रचलित कानूनबमोजिम निजउपर मुद्दा चल्न सक्ने अवस्था भए नभएको विषयमा गहिरो अध्ययन, अनुसन्धान गरी मुद्दा चलाउन र चल्न सक्ने अवस्था भएमा मात्रै प्रचलित कानूनबमोजिम मुद्दा दायर गर्नु भनी सिफारिशगर्ने हो । आयोगले बिनाआधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिश गर्ने पनि होइन । त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिश प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन । त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानूनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने ।

रिट निवेदकहरूले संवैधानिकताको प्रश्न उठाएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ को उपदफा (१०) को विवादित कानूनी व्यवस्थाले संविधानको धारा १३२(२) को खण्ड (ग) लाई सीमित, सङ्कुचित र नियन्त्रित गरेको देखिँदा सो व्यवस्था संविधानको धारा १३५ (२) को भावनाविपरीत भई संविधानसँग प्रत्यक्षरूपमा बाझिएको देखिने ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा संलग्न रहिआएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग गरिने सम्झौतामा आर्थिक विषय पनि समावेश भएको अवस्थामा त्यस्तो आर्थिक विषयमा सम्झौता गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्थाले राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वायत्ततामा प्रतिकूल असर पर्न सक्ने अवस्था देखिँदैन । राष्ट्रिय मानव अधिकार आयोगको मूलभूत जिम्मेवारी वा कर्तव्य मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु नै हो । त्यसैले स्वतन्त्र संवैधानिक निकायको हैसियतमा यसले पूर्ण कार्यात्मक स्वायत्तता प्राप्त गर्नुपर्नेमा कुनै द्विविधा छैन । तर मानव अधिकार आयोगले आफ्नो जिम्मेवारी र कर्तव्य पालना गर्ने वा काम कारवाही सञ्चालन गर्ने सिलसिलामा राष्ट्रिय वा अन्तरराष्ट्रिय संघ संस्थासँग आर्थिक स्रोत साधनको निमित्त सम्झौता गर्दा नेपाल सरकारको सम्बद्ध निकाय अर्थ मन्त्रालयको सहमति लिँदैमा आयोगले आफ्नो स्वायत्तता गुमाउने वा आयोगको प्रभावकारितामा प्रतिकूल असर पुग्ने भन्ने हुँदैन । आर्थिक विषयहरूको नियमन गर्ने जिम्मेवार निकायको रूपमा अर्थ मन्त्रालय रहने हुँदा राष्ट्रिय मानव अधिकार आयोगलाई पनि आर्थिक विषय समावेश भएको कुनै सम्झौता गर्दा अन्य संवैधानिक निकायहरूसरह सो मन्त्रालयको सहमति लिनुपर्ने उपर्युक्त कानूनी व्यवस्थालाई संविधानविपरीत मान्न मिल्ने नदेखिने ।

मानव अधिकारको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संघ संस्थाको कार्यक्रमहरूउपर आयोगको नियमन हुने व्यवस्थाले आयोगको भूमिकालाई सीमित गर्ने नभई अझ व्यापक बनाउन सक्ने देखिन आउँछ । यस्तो व्यवस्थालाई संविधानको धारा १३२ को उपधारा (२) को देहाय (घ) ले निषेधित गरेको वा सोको विपरीत सम्झन पनि मिल्ने हुँदैन । तसर्थ दफा २० को उपदफा (२) र (३) को कानूनी व्यवस्था संविधानको धारा १३१ को उपधारा (१) र धारा १३२ को उपधारा (२) समेतसँग बाझिएको भन्ने नदेखिने ।

साविकको मानव अधिकार आयोग ऐन, २०५३ ले व्यवस्था गरेको मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिकभन्दा घट्न गई पदाधिकारीहरूको मनोबल गिराउने खालको भएको र त्यसबाट आयोगको समग्र प्रभावकारितामा प्रतिकूल असर पर्ने हुन्छ भन्ने निवेदकहरूको कथन रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्था लागू

हुनुभन्दा पहिले साविकको मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत नियुक्त भई कार्यरत् रहेका पदाधिकारीहरूले उपभोग गरिरहेको सुविधा तदनुरूप नै उपभोग गर्न पाउने गरी विवादित दफा २५ को प्रतिबन्धात्मक वाक्यांशले व्यवस्था गरिरहेको हुँदा हाल कार्यरत् पदाधिकारीहरूको हकमा दफा २५ को व्यवस्था आकर्षित हुन नसक्ने हुँदा यो व्यवस्थाले हाल बहाल रहेका आयोगका पदाधिकारीहरूलाई प्रतिकूल असर पार्ने रहेछ भनी सम्झन नमिल्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ लागू भएपछि राष्ट्रिय मानव अधिकार आयोगसमेत संविधानअन्तर्गत गठन भई अन्य संवैधानिक अङ्गहरूसरहको हैसियतमा कार्यरत् रहेको देखिन्छ । संविधानतः गठन भएका संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक सेवाका शर्त र सुविधाका विषयमा राज्यले कानून बनाई विशेष व्यवस्था गर्न सक्तछ । तदनुरूप नै हाल सबै संवैधानिक निकायका पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी छुट्टै ऐन निर्माण भई लागू भएको र सोही ऐनअनुसार अन्य संवैधानिक अङ्गका पदाधिकारीहरूले पारिश्रमिक र सुविधाहरू उपभोग गरिआएको भन्ने विपक्षी कानून, न्याय तथा संविधानसभासम्बन्धी मन्त्रालयको लिखित जवाफसमेतबाट देखिन्छ । विवादित दफा २५ को कानूनी व्यवस्थाले पनि राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सेवा सुविधा अन्य संवैधानिक अंगमा पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धी प्रचलित कानून बमोजिम प्रमुख पदाधिकारी र पदाधिकारीको सरह हुने व्यवस्था गरी अन्य संवैधानिक अङ्गका पदाधिकारीहरूको सेवा, शर्त र सुविधासम्बन्धी ऐनअन्तर्गत नै नियमित हुने व्यवस्थासम्म गरेको देखिन्छ । यसबाट राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारहरूको सेवा र सुविधालाई अन्य संवैधानिक अङ्गका पदाधिकारहरूको सेवा सुविधाभन्दा कम हुने नभई समान र एउटै प्रकृतिको हुने गरी व्यवस्था गर्न खोजिएको देखिने ।

आयोगका पदाधिकारीहरूको पारिश्रमिक सर्वोच्च अदालतका न्यायाधीशको सरह हुने भनी व्यवस्था गर्ने तत्काल प्रचलित मानव अधिकार आयोग ऐन, २०५३ को दफा ३, ४, ५, ६ र ७ लाई गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा मिति २०६६।२।५ मा नै खारेज गरिसकेको देखिन आएको छ । यस्तो अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको सेवा सुविधा सर्वोच्च अदालतका न्यायाधीशको सरह हुनुपर्छ भनी यस अदालतले निरूपण गर्न मिल्ने पनि देखिएन । अतः दफा २५ को कानूनी व्यवस्थालाई साविकको मानव अधिकार आयोग ऐन, २०५३ सँग तुलना गरी संविधानको धारा १३१ को उपधारा (१) सँग बाझिएको भन्ने निष्कर्ष निकाल्न नमिल्ने ।

आयोगको क्षेत्रीय वा उपक्षेत्रीय वा सम्पर्क कार्यालय विस्तार गर्दा अर्थ मन्त्रालयको परामर्श सम्म लिनुपर्ने देखिन्छ । आयोगले आफ्नो कार्यालय विस्तार गर्दा त्यसको प्रशासनिक व्ययभार पर्ने र सो व्ययभार नेपाल सरकारबाटै बेहोरिनु पर्ने हुन्छ । आर्थिक व्ययभारको विषयमा सम्बद्ध मन्त्रालयको परामर्श लिनुपर्ने भन्ने उपर्युक्त कानूनी व्यवस्थाबाट आयोगको स्वतन्त्रता र स्वायत्ततामा प्रतिकूल असर पर्दछ भन्ने देखिँदैन । किनभने ऐनमा प्रयुक्त भएको "अर्थ मन्त्रालयको परामर्शमा" भन्ने वाक्यांशले क्षेत्रीय वा उपक्षेत्रीय वा सम्पर्क कार्यालय खोल्दा सो मन्त्रालयको पूर्वस्वीकृति लिनु पर्ने भन्ने पनि देखिँदैन । आफूले विस्तार गर्न लागेका शाखा कार्यालयहरूको लागि आवश्यक आर्थिक व्ययभारको विषयमा अर्थ मन्त्रालयसँग परामर्श गर्नुपर्ने कुराले आयोगलाई नेपाल सरकारको मातहतमा राखेको भन्ने अर्थ गर्ने हो भने हरेक संवैधानिक अङ्गहरूले छुट्टाछुट्टैरूपमा आर्थिक स्रोतको तर्जुमा गर्नुपर्ने परिस्थिति निर्माण हुने गर्दछ, जुन कुनै पनि दृष्टिकोणबाट व्यावहारिक र औचित्यपूर्ण नहुँदा दफा २६ को उपदफा (२) को कानूनी व्यवस्थाअन्तर्गत रहेको "अर्थ मन्त्रालयको परामर्शमा" भन्ने वाक्यांश संविधानको धारा १३२ को उपधारा (२) सँग बाझिएको भन्ने नदेखिने ।

आयोगको सिफारिशबमोजिम नेपाल सरकारले संगठन संरचना र दरबन्दी स्वीकृत गर्नेछ भन्ने कानूनी व्यवस्थाको अर्थ आयोगले सिफारिश

गरी पठाएको संगठन संरचना र दरबन्दी अस्वीकृत गर्न सक्ने अधिकार नेपाल सरकारलाई रहेको भन्ने पनि होइन । किनभने संगठन संरचना र दरबन्दीको सिफारिश गर्नुपूर्व आयोगले त्यस्तो संगठन संरचना र दरबन्दीको औचित्य, आवश्यकता, त्यसको प्रशासनिक र आर्थिक पक्षलगायतका विषयमा नेपाल सरकारसँग आवश्यक परामर्श र छलफलसमेत गर्न सक्तछ । नेपाल सरकारसँगको परामर्शसमेत बमोजिम आयोगले गरेको सिफारिशलाई नेपाल सरकारले अन्यथा गर्न पनि मिल्दैन । त्यसैले दफा २७ को कानूनी व्यवस्थाबाट राष्ट्रिय मानव अधिकार आयोगको प्रशासनिक स्वतन्त्रता र स्वायत्ततामा प्रतिकूल असर पर्ने भन्ने देखिँदैन । अतः ऐनको उक्त दफा २७ मा रहेको "...को सिफारिशमा नेपाल सरकार" भन्ने वाक्यांश संविधानप्रतिकूल रहेको भन्ने नदेखिने ।

ऐनको दफा २८ को उपदफा (२) बमोजिम सचिव पदमा नियुक्ति कसलाई गर्ने भनी सिफारिश गर्ने अधिकार नै आयोगको सचिव नियुक्तिको मूलभूत र महत्त्वपूर्ण अधिकार हो । त्यो सिफारिशलाई इन्कार गर्ने अधिकार नेपाल सरकारलाई रहेको देखिँदैन । आयोगले सचिव नियुक्तिको लागि गरेको सिफारिश कार्यान्वयन गर्ने सामान्य औपचारिक अधिकार मात्र नेपाल सरकारमा रहेको भन्ने सो उपदफाको संरचनाबाट देखिन्छ । ऐनको यो व्यवस्थाबाट संविधानको धारा १३२ को उपधारा (१) अन्तर्गत आयोगलाई प्राप्त काम, कर्तव्य र अधिकारमा प्रतिकूल असर पुग्ने अवस्था पनि देखिँदैन । त्यसैले दफा २८ को उपदफा (२) मा प्रयुक्त "...को सिफारिशमा नेपाल सरकार..." भन्ने वाक्यांशलाई संविधानको धारा १३२ को उपधारा (१) विपरीत रहेको भनी अर्थ गर्न मिल्ने नदेखिने ।

राष्ट्रिय मानव अधिकार आयोग नेपालको अन्तरिम संविधानअन्तर्गत स्थापित भएको स्वतन्त्र, निष्पक्ष र स्वायत्त निकाय हो । नेपाल राज्यभित्र मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि यसको संवैधानिक भूमिका संविधानमा नै निश्चित् गरिएको छ । त्यसैले यसको पहिचान राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा हुने कुरामा विवाद छैन । नेपाल राज्यको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा रहेको आयोगले नेपाल राज्यको निशाना छाप प्रयोग गर्नु पर्ने व्यवस्थाबाट समग्रमा नेपाल राज्यको मानव अधिकार आयोगको रूपमा यसको पहिचान कायम हुने हो । नेपाल राज्यको विशिष्ट पहिचानको लागि नै नेपालको निशाना छापको निर्धारण गरिएको हुन्छ । राज्यको प्रतीक चिन्हको रूपमा रहेको निशाना छापले सार्वभौम राज्यको पहिचान गराउँदछ । त्यसैले नेपाल राज्यको निशाना छापलाई कुनै अङ्ग विशेषको वा नेपाल सरकारको मात्र प्रतीक चिन्हकोरूपमा अर्थ गर्न मिल्दैन । राज्यको पहिचानका लागि निर्धारण भएको निशाना छापलाई राज्यका सबै निकाय वा अङ्गले प्रयोग गर्नुपर्ने नै हुन्छ । सो निशाना छाप प्रयोग गरेको कारणले मात्र संविधान र कानूनबमोजिम स्थापित भएका राज्यका अङ्गले आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोगमा प्रतिकूल असर पर्ने पनि होइन । बरू सो निशाना छापबाट सो अङ्ग राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगत्मा नेपाल राज्यको अङ्गको रूपमा परिचित हुन मद्दत पुग्ने ।

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको निशाना छापका अतिरिक्त आफ्नो छुट्टै प्रतीक चिन्हसमेत प्रयोग गर्न सक्ने देखिन्छ । त्यस्तो छुट्टै प्रतीक चिन्हको प्रयोगबाट आयोगले आफ्नो भूमिकाबमोजिमको विशेष पहिचान कायम गर्न सक्ने नै देखिन्छ । आयोगको छुट्टै प्रतीक चिन्हको प्रयोगबाट द्वन्द्वको समयमासमेत आयोगले स्वतन्त्र पहिचान र विश्वसनीयता कायम गर्न सक्ने हुन्छ । तसर्थ राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २९ मा रहेको "...राज्यको निशाना छापका अतिरिक्त" भन्ने वाक्यांशबाट राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारमा कुनै प्रतिकूल असर पर्न सक्ने अवस्था नहुँदा सो वाक्यांशलाई संविधानको धारा १३२ को उपधारा (१) को विपरीत मान्न नसकिने ।

माथिका विभिन्न प्रकरणहरूमा गरिएको विश्लेषणसमेतबाट प्रस्तुत रिट निवेदनमा संविधानविपरीत रहेको भनी निवेदकहरूले दावी गरेका राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

को दफा १० को उपदफा (५), दफा १६ को उपदफा (४), दफा १७ को उपदफा (१०), दफा २० को उपदफा (२) र (३), दफा २५, दफा २६ को उपदफा (२) मा रहेको "..अर्थ मन्त्रालयको परामर्शमा भन्ने वाक्यांश", दफा २७ मा रहेको "...को सिफारिशमा नेपाल सरकार" भन्ने वाक्यांश, दफा २८ को उपदफा (२) मा रहेको "....को सिफारिशमा नेपाल सरकार" भन्ने वाक्यांश र दफा २९ मा रहेको "..राज्यको निशाना छापका अतिरिक्त" भन्ने वाक्यांशसमेतका कानूनी व्यवस्थाहरूमध्ये दफा १० को उपदफा (५) र दफा १७ को उपदफा (१०) को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१ र १३२ समेतको विपरीत देखिन आएकाले सो दफा १० को उपदफा (५) र दफा १७ को उपदफा (१०) आजैका मितिबाट अमान्य र बदर घोषित हुने ।

ऐनको दफा १६ को उपदफा (४), दफा २० को उपदफा (२) र (३), दफा २५, दफा २६ को उपदफा (२) मा रहेको "..अर्थ मन्त्रालयको परामर्शमा" भन्ने वाक्यांश, दफा २७ मा रहेको "...को सिफारिशमा नेपाल सरकार" भन्ने वाक्यांश, दफा २८ को उपदफा (२)मा रहेको "....को सिफारिशमा नेपाल सरकार" भन्ने वाक्यांश र दफा २९ मा रहेको "..राज्यको निशाना छापका अतिरिक्त" भन्ने वाक्यांश संविधानविपरीत रहेको नदेखिँदा उक्त व्यवस्थाहरू समेत बदर हुनुपर्दछ भन्ने हदसम्मको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई/मुकुन्द विष्ट
इति संवत् २०६९ साल फागुन २३ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-MS-०००५, अपहेलनामा सजाय गरिपाऊँ, *बिन्द्रा हाडा भट्टराई वि. प्रधानमन्त्री बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मुद्दा मामिलाको रोहमा अदालतले आदेश वा निर्णय गर्दै जाने र आदेश वा निर्णय उल्लङ्घन पनि हुँदै जाने हो भने मुलुकमा अदालत स्वतन्त्र रहनुको कुनै अर्थबोध हुन सक्तैन । यस्तो अवस्थाबाट नागरिक अधिकारको संरक्षणमासमेत बाधा उत्पन्न भइरहने हुन्छ । विपक्षीहरूबाट यस अदालतबाट जारी भएको आदेशको कार्यान्वयन नहुनु र सो हुन नसक्नाको उचित र चित्तबुझ्दो लिखित जवाफसमेत विपक्षीहरूबाट प्रस्तुत हुन नसक्नुलाई विडम्बना नै मान्नुपर्छ । मुलुकको कार्यकारी निकायको रूपमा रहेको मन्त्री, सचिवसमेतबाटै यस किसिमको व्यवहार प्रदर्शन हुनुलाई अदालतबाट सम्पादन हुने काम कारबाहीलाई विश्वसनीय, प्रभावकारी, निष्पक्ष र स्वतन्त्र तुल्याउने दिशामा अवरोध पुग्न गएको मान्न सकिन्छ । यस्तो अवस्थामा अदालतप्रतिको जनआस्थालाई जोगाई राख्नको लागि अदालतबाट भएका आदेश वा निर्णय नमान्ने व्यक्ति वा निकायलाई अदालतको अपहेलनामा कारवाही गर्ने कठोर कदमलाई बाध्यतावश अदालतले उठाउनु पर्ने ।

एउटै पदमा दुईजना व्यक्तिलाई काममा खटाउने गरी गरिएको व्यवस्था आफैमा प्रशासनिक पद र प्रतिष्ठासँग मेल नखाने व्यवहार हो । यी निवेदिका महिला कर्मचारी भई देशको प्रशासनिक संयन्त्रभित्र उच्च पदमा प्रशासनिक जिम्मेवारी बहन गर्न सक्षम रहेको र निजको सो सक्षमताका सम्बन्धमा विपक्षी निकायहरूबाट अन्यथा भएको समेत देखिँदैन । निवेदिकालाई सचिव पदमा पूर्ववत् काम लगाउन परेको कारणले नै निजलाई जिम्मेवारीबाट मुक्त गर्ने वा कामबाट पन्छाउने उद्देश्यले मात्रै अन्य व्यक्तिलाई ल्याई सचिवको काम लगाउनलाई अदालतको आदेश पालना गर्नबाट छल्ने प्रयासको रूपमा लिन पर्ने हुन्छ । निवेदिकालाई पूर्ववत् अख्तियारी नसुम्पेबाट निजलाई अदालतको आदेशको भावनाबमोजिम काम नपाएको भन्ने देखिन्छ । निकायमा एउटै पदका दुई उच्च पदस्थ जनशक्तिको खटन पटन गर्दा त्यस्तो विषयमा औचित्यसमेत विद्यमान हुन पर्ने हुन्छ । रिट निवेदिकालाई आफ्नो तोकिएको जिम्मेवारीबाट बिमुख नगराइएको, निज महालेखा नियन्त्रक पदमा पदाधिकार रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयको सचिव पदमा काम काज गर्ने गरी काजमा राखिएको भन्ने पत्र प्राप्त भए पनि सिंचाई मन्त्रालयले निजलाई रमानापत्र नदिएको र निजले रमाना नलिई सचिवको हैसियतमा हाजीर गरी रहनु भएको भन्ने आधार लिई निजलाई निजले सम्पादन गरिरहेको काम काजबाट बिमुख नगराएको भन्ने आशयको लिखित जवाफ विपक्षीहरूबाट दिइए पनि त्यस्तो जवाफ तर्कसङ्गत् हुन नसक्ने ।

रिट निवेदिकाले दिएको आफ्नो सरुवाको निर्णयउपर दायर भएको रिट निवेदन र सो रिट निवेदनको कारवाहीको क्रममा भएको आदेशसमेतलाई उपेक्षा गर्ने गरी निवेदिकाभन्दा कनिष्ठ सचिवलाई तत्काल हाजीर भएकै दिन आफ्नो अधिकार प्रत्यायोजन गर्नु वस्तुसङ्गत् देखिन आउँदैन । यसले अदालतबाट भएको आदेशको उपेक्षा मात्र होइन राज्यका संवेदनशील निकायहरूले अदालतबाट हुने आदेश वा फैसलालाई अनदेखा गरी आफ्ना काम कारवाहीहरूलाई अगाडी बढाउँदै जाने प्रवृत्ति क्रमशः बढ्दै जाने र कानूनी शासनको उपहाससमेत हुने हुन्छ । निवेदिकाले उठाएको सरूवाको वैद्यतामाथि यस अदालतमा मुद्दा परी यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत अन्यथा हुने गरी विपक्षीहरूबाट भएका काम कारवाहीलाई यस अदालतले सहज ठानी विपक्षीहरूलाई त्यस्तो छूट दिदै जाने हो भने न्यायको मर्म नै परास्त हुन जान्छ र न्यायको अनुभूति सर्वसाधारणमा पुग्न सक्ने हुँदैन । कानूनी शासनमा यस्तो अवस्था परिकल्पना पनि गर्न नसकिने ।

तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले प्रधानमन्त्रीको हैसियतमा समग्र प्रशासनको जिम्मेवारी लिनु पर्ने भए पनि विभागीय विषयमा सम्बन्धित विभागीय मन्त्रीले नै अन्तिम जिम्मेवारी लिनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा विपक्षी तत्कालीन प्रधानमन्त्री भई मूल उत्प्रेषण मुद्दामा विपक्षीसम्म पनि बनाएको नदेखिएको निजले कुनै हस्तक्षेपकारी भूमिका निर्वाह गरेको भन्ने पनि नदेखिएकोले मन्त्रालयमा भए गरेको कुराको लागि नैतिक जिम्मेवारीको अपेक्षा गर्नेबाहेक कानूनको गम्भीर उल्लङ्घन गरेको भन्न नमिल्ने ।

मुख्य सचिवले पनि सिंचाई मन्त्रालयको आन्तरिक प्रशासनको स्तरमा भए गरेको कुराको लागि समन्वयात्मक भूमिकाको अपेक्षा गर्न सकिने भएपनि कानूनबमोजिम हस्तक्षेपकारी भूमिका खेल्न सक्ने देखिएन । निवेदिकालाई अदालतको आदेशबमोजिम सचिवको जिम्मेवारी नसुम्पन र निजबाट सो पदको काम काज गराउनमा प्रत्यक्ष वा परोक्ष अमुक कुनै कार्य गरेको देखिएन । तसर्थ निजको हकमा पनि मुख्य सचिवको नैतिक जिम्मेवारीको अपेक्षा गर्ने बाहेक आदेश र कानूनको उल्लङ्घन गरेको कुनै दोष लगाउन नमिल्ने ।

यस अदालतबाट मिति २०६९।५।७ मा जारी भएको अन्तरिम आदेश सिंचाई मन्त्रालयको नाममा मिति २०६९।५।८ मा तामेल भै सकेको अवस्थामा मन्त्रालयको विभागीय मन्त्रीको हैसियतले आदेशको शब्द र भावना अनी कानूनी राज्यको मूल्य एवं मान्यताको आधारमा सोको पालना गर्नु, गराउनु निजको नै मुख्य कर्तव्य हुनेमा सोबमोजिम गर्नुको उपेक्षा मिति २०६९।५।१८ समेतको आदेशले यथावत् अवस्थामा निवेदिकालाई काममा लगाउनु भन्दाभन्दै आदेशलाई छल्ने र पन्छाउने हिसावले निवेदिकालाई पूर्ववत् अख्तियारी प्रदान नगरी काममा नलगाई निजले पूर्ववत् गरिरहेको काम वैकल्पिकरूपमा अर्को सचिवलाई राखी काम गराएको देखिएकोले र यसबाट निवेदिकाको हक हितमा भन्दा पनि देशमा कानून र अदालती आदेश निर्णयको परिपालना हुने कुरामा नै अवरोध खडा गरेको देखिन आएको छ । अदालती आदेशको वास्तविक मर्म र भावनाविपरीत स्वेच्छाचारी हिसाबले काम गरेकोलाई सहज मान्न नसकिने हुँदा उपरोक्त आदेशको अपहेलना गर्ने कार्यमा विपक्षी सिंचाई मन्त्रीको मुख्य भूमिका देखिन आउने ।

विपक्षी प्रतापकुमार पाठकले अन्तरिम आदेशको सूचना बुझ्नुका साथै स्वयं निवेदिकाले आदेश कार्यान्वयन सम्बन्धमा लिखित अनुरोध गरेकोमा समेत निजबाट आफ्नोतर्फबाट हुन सक्ने प्रयत्नसम्म नगरी आदेश कार्यान्वयनतर्फ कुनै प्रक्रिया शुरू हुन नसकेको बरू अदालतको आदेशपश्चात् पनि निवेदिकालाई जिम्मेवारी हस्तान्तरण नगरी

आफूले नै सचिवको रूपमा काम गरिरहेको र निवेदिकालाई काम गर्न नरोकेको भन्ने जिकीरसम्म लिएको पाइयो । सम्बन्धित सचिव आदेशबमोजिम फर्किआएपछि आफूले त्यसमा सघाउनुपर्नेमा जो चाहिने प्रबन्ध गरी गराई त्यहाँबाट प्रस्थान गर्नुपर्नेमा बहालवाला सचिवलाई काम गर्न नदिने र निजले गरी आएको काम आफूले गर्ने गरेकोबाट आदेशको कार्यान्वयनमा निजबाट अवरोध भएको नै भन्नुपर्ने देखियो । आदेशको कार्यान्वयनको जानकारी दिनुपर्नेमा सोसमेत नदिई बसेबाट निजको उदासिनताबाट यस अदालतबाट जारी भएको अन्तरिम आदेशको अपहेलना भएको नै मान्नुपर्ने ।

विपक्षीमध्येका तत्कालीन सिचाई मन्त्री महेन्द्रप्रसाद यादव र सिंचाई मन्त्रालयको सचिवको समेत गरी दोहोरो जिम्मेवारी लिई बसेका सचिव प्रतापकुमार पाठकले यस अदालतबाट भएको मिति २०६९।५।७ को अन्तरिम आदेशको कार्यान्वयनमा अवरोध गरी पूर्ण कार्यान्वयन हुन नदिएको देखिएकोले सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम विपक्षी महेन्द्रप्रसाद यादवलाई रू.६,०००।- र विपक्षी प्रतापकुमार पाठकलाई रू. ५,०००।- जरीवाना हुने ।

१. आफ्नो कार्यको प्रायश्चित् गरी विपक्षी महेन्द्रप्रसाद यादव र प्रतापकुमार पाठकले यसै इजलाससलाई सन्तोष हुने गरी निशर्त क्षमायाचना गरी यो आदेश भएको मितिले एक महिनाभित्र निवेदन दिन आएमा इजलाससमक्ष उक्त निवेदन पेश गरी ठहरेबमोजिम हुने गरी सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(२) बमोजिम उक्त अवधिसम्म यो सजाय कार्यान्वयन मुलतवीमा राखी दिएको छ । सो अवधि नाघेपछि यस इजलासबाट अर्को आदेश भएमाबाहेक कानूनबमोजिम सजायको कार्यान्वयन गरी असूलउपर गर्नु ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम
कम्प्युटर:कल्पना बर्तौला

इति संवत् २०७० साल मंसिर महिना १७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-WO-००१५८, उत्प्रेषण, *बिन्द्रा हाडा भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

हाल रिट निवेदिकाले अनिवार्य अवकाश पाईसकेको अवस्थासमेत देखिन्छ । रिट निवेदिकाले अनिवार्य अवकाश नै पाईसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी उल्लिखित मितिको सरूवा निर्णय गैरकानूनी रहे नरहेकोतर्फ निवेदनमागका सम्बन्धमा विचार गर्नलाई अनिवार्य अवकाश पाई हाल सेवामै नरहेकी निवेदिकाको हकमा समय सान्दर्भिकताको दृष्टिकोणबाट औचित्यपूर्ण देखिन आएन । अत: रिट निवेदिका हाल अनिवार्य अवकाशबाट सेवा निवृत भई सकेको समय सन्दर्भको कारणबाट निवेदन मागका सम्बन्धमा थप विचार गरिरहन पर्ने अवस्थाको विद्यमानता रहेको देखिन आएन । सोही आधारबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

निजामती प्रशासनलाई परिणाममुखी, सार्थक र सेवाप्रति प्रतिबद्ध हुनसमेत त्यस्तो प्रशासनमा नेतृत्त्वदायी भूमिका निर्वहन गर्न सक्ने खास श्रेणीका कर्मचारीहरूको पदस्थापन, जिम्मेवारी, कानूनको रीत पुऱ्याई सरुवा तथा काजमा राख्नुपर्ने औचित्यता समेतका आधारहरू वस्तुनिष्ठरूपमा लागू गरिएको हुनुपर्ने हुन्छ । अन्यथा त्यस्तो नेतृत्त्वमा रहने जनशक्तिका हकमा औचित्यबिना गरिने सरूवा वा काजले समग्र प्रशासनयन्त्रलाई असर पर्नसक्ने ।

कानूनले स्पष्टरूपमा व्यवस्था गरेको प्रावधानलाई विपक्षी निकायहरूले अक्षरश: पालन गरी कानूनी शासनको प्रत्याभूति दिनु तत्तत् निकायहरूको संवैधानिक तथा कानूनी दायित्वसमेत हुन आउँछ । निवेदिकाले उठाएको यस्तो अहम् प्रश्नमा यस अदालतले आफूसमक्ष परेको निवेदन व्यहोराबाट माग गरिएको विषयमा अनदेखा गरी त्यस्तो विषयका सम्बन्धमा मौन बस्न मिल्ने हुँदैन । कानून कार्यान्वयनको विषयलाई लिएर परेको निवेदनका हकमा यस अदालतले निवेदिकाले उठाएको मागका सम्बन्धमा

अध्ययन गरी आवश्यकता र औचित्यताका आधारमा आफूसमक्ष परेको विषयमा सरकार वा सरकारका कुनै निकायले कानूनले स्पष्टरूपमा व्यवस्था गरेको प्रावधानलाई कार्यान्वयन नगरी उदासीन भै बसेमा त्यस्तो विषयमा अदालतले आफ्नो स्पष्ट दृष्टिकोणमार्फत् राज्यका निकायहरूलाई आवश्यक निर्देशन दिनु वाञ्छनीय हुने ।

मन्त्रालय विभागमा पदस्थापन गरिएको उच्चस्तरका निजामती सेवाको अधिकृतहरूको जिम्मामा राज्यले महत्त्वपूर्ण कार्यभार सुम्पेको हुन्छ । त्यस्तो पदमा कार्यरत् रहनेहरूले देशको कानूनबमोजिम प्रशासकीय औचित्य र बुद्धिमत्तापूर्वक आफ्नो कार्यभार सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसका लागि कानूनको अधीनमा रही वाञ्छित स्वायत्तताको साथै कानून उल्लङ्घन भएको अवस्थामा जवाफदेहिता बहन गर्नुपर्ने कुरा सुनिश्चित् गर्नुपर्ने हुन्छ । आफूभन्दा माथिका तहको अनियन्त्रित, स्वेच्छाचारिता र कानूनप्रतिकूलको काम कारवाहीलाई पनि नतमस्तक भएर सहन गरी समर्पण गर्नुपर्ने परिस्थिति रहन दिने हो भने शुसासनको आधारभूत मान्यता नै भत्किन जाने अवस्था आउँछ । कानून र विवेकसम्मत कुरालाई अनावश्यकरूपमा इन्कार गर्ने र कानूनप्रतिकूलको कुरालाई पनि इन्कार गर्न नसक्ने दुवै प्रवृत्ति शुशासन र कानूनी शासनको लागि आपत्तिजनक कुराहरू हुन् । त्यस्तो नहोस् भन्नका लागि सेवा शर्तसम्बन्धी कानून र खास गरी सरूवा र विभागीय कारवाही जस्तो कुरामा निश्चित् मापदण्ड र प्रक्रिया निर्धारण गरिनु पर्दछ र मर्का परेको पक्षले गर्ने गुनासोको सुनुवाई हुने भरपर्दो उजूरी सुनुवाई संयन्त्रको पनि सरकारको संगठनभित्रै राख्न जरुरी देखिन्छ । हालसम्म कानूनबमोजिम व्यवस्था गरिएको मापदण्डकै पनि प्रारूप व्यवस्थित नभएकोबाट यस प्रश्नमा सरकारी संयन्त्र संवेदनशील नभएको भन्नुपर्ने हुन्छ । तसर्थ उपरोक्त उल्लेख भएबमोजिम निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५) ले व्यवस्था गरेबमोजिमको मापदण्ड बनाउने र सोमा कर्मचारीउपर वा निजका आफ्नो गुनासा व्यवस्थापनसम्बन्धी कुराकोसमेत सम्बोधन गर्नु मनासिव देखिन आएको हुँदा सोबमोजिम नियमावलीमा भएको व्यवस्थाअनुरूप स्पष्ट मापदण्ड बनाई सोअनुसार निर्णय गर्नु र सोको अभिलेख छुट्टै राख्ने व्यवस्था अनिवार्यरूपमा गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालयलगायतका सम्बद्ध निकायहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल मंसिर १७ गते रोज २ मा शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनबहादुर शाही*

वारदातको दिन मिति २०६७।११।११ गते राती मृतक नैनकला शाहीको मृत्यु धारिलो हतियार प्रहार गरी भएको भन्ने तथ्य जाहेरी दरखास्त घटनास्थल तथा लाश प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न प्रमाण कागजहरूबाट देखिइरहेको छ । मृतक नैनकला शाहीको शव परीक्षण प्रतिवेदनमा उल्लेखित मृत्युको कारणमा "The cause of death as decapitation with sharp object" भन्ने उल्लेख भएबाट मृतकको टाउको शरीरबाट अलग गरेको भन्नेसमेत देखिन आउँछ । घटनास्थल प्रकृतिबाट घटनास्थलमा मृतकको टाउको रहित शरीर मात्र रहेको र टाउको घटनास्थलबाट केही पर ५० फिटको दूरीमा रहेको भन्ने देखिन्छ । मृतकलाई को कसले कर्तव्य गरी मारेको रहेछ भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी धनबहादुर शाहीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षसमेत गरेको बयान व्यहोराबाट मृतक र प्रतिवादीबीच घाँसको विषयमा झगडा हुने गरेको र सोही झगडाको कुरालाई रिसइवी लिई वारदातको दिन मृतकको घर आँगनमा राति आई मृतकलाई घरबाहिर बोलाई मृतक घरबाहिर निस्किनेबित्तिकै

प्रतिवादीले मृतकलाई बञ्चरोले टाउको गर्धनलगायतको संवेदनशील अङ्गमा प्रहार गरी कर्तव्य गरी मारेको तथ्यमा सावित रही घटनाक्रमसहित बयान गरेको देखिन्छ । घटनास्थलमा प्रयोग भएको बरामदी बञ्चरो र रगत लागेको कपडासमेत आफूले प्रयोग गरेकोमा प्रतिवादीले देखें चिनें भनी सनाखतसमेत गरिदिएबाट मृतक नैनकला शाहीलाई यी प्रतिवादी धनबहादुर शाहीले नै कर्तव्य गरी मारेकोमा कुनै विवाद देखिँदैन ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा "मैले टाउको बारीमा फालेको होइन" भनी मृतकको टाउको शरीरबाट अलग गरी फालेकोमा इन्कार रही बयान गरेको देखिन्छ । तर वारदातस्थलमा मृतकको लाश देख्ने साक्षीहरूमध्ये गणेशकुमार शाहीले आफ्नो बकपत्रको स.ज. ५ मा "नैनकला शाहीको घाँटीदेखि टाउको अलग र अन्य शरीर अलग भएको अवस्थामा देखेको हुँ" भनी लेखाई दिएको देखिन्छ । त्यसैगरी साक्षीहरूमध्ये चन्द्रबहादुर शाहीले आफ्नो बकपत्रको स.ज. ६ मा "मिति २०६७।११।१२ गते घटना स्थलमा बिहान ९ बजेतिर पुगेको थिएँ, मृतकको शरीर मृतककै घर आगनमा र टाउको घरदेखि सय मीटर टाढा थियो" भनी बकपत्र गरेको देखिन्छ । सोही बकपत्रलाई समर्थन गर्दै सो घटनास्थल देख्ने मौकामा बुझिएका साक्षीहरू मोहनसिंह जि.सी., मदनबहादुर शाहीले आफ्नो बकपत्रको स.ज. ६ मा लाश मृतककै घर आगनमा र टाउको एक सय मीटरजति टाढा थियो" भनी बकपत्र गरेको र मोहनसिंह जि.सी.कै बकपत्रको स.ज. ७ मा "टाउको घरदेखि रगत चुहाउँदै लगेजस्तो थियो" भनी लेखाई दिएको देखिन्छ । साथै मृतकका पति अम्बरबहादुर शाहीले आफ्नो बकपत्रको स.ज. ८ मा "मार्ने बेला देखिँन, मारी सकेपछि उज्यालोले हेर्दा दुईजना मानिस भागी गएको देखेको हुँ" भनेको र स.ज. ९ मा "अगाडीको टाउको थिएन पछाडिको भाग मेरो घरको आगनमा थियो" भन्दै सोही बकपत्रको स.ज. ५ तथा ११ मा सो भाग्ने मान्छे "एकजना ऐनबहादुर शाहीको छोरा हुन् अर्को मान्छे चिन्दैन" भनी यिनै प्रतिवादीलाई औंल्याउदै बकपत्र गरिदिएको देखिन्छ भने प्रतिवादी स्वयंको बयान व्यहोराबाट पनि निज ऐनबहादुरका छोरा यिनै प्रतिवादी हुन् भनी देखिई रहेको अवस्था छ । यस स्थितिमा प्रतिवादी धनबहादुर शाहीले नै मृतकलाई कर्तव्य गरी मारी टाउकोसमेत शरीरबाट अलग गरी अन्यत्र लगी फालेको भन्नेसमेत तथ्य स्थापित हुन आएको देखिन्छ ।

मृतकले लगाइराखेको गहनाहरूसमेत वारदातपश्चात् प्रतिवादीले नै लगेका हुन् भन्नेसमेत जाहेरी दरखास्त रहेको सम्बन्धमा प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मृतकको गहना लिन खानका लागि मृतक नैनकला शाहीलाई मारेको होइन भनी गहना लगेकोमा इन्कार रही बयान गरेको देखिए तापनि, घटनास्थलमा उपस्थित मौकामा बुझिएका साक्षी गवाहहरूमध्ये तिलकबहादुर शाहीले आफ्नो बकपत्रको स.ज.४ मा "मेरी आमा नैनकलालाई प्रतिवादीले गरगहना लिने उद्देश्यले काटेको हुनुपर्छ, सुनको रिङ्ग, फुली, बुलाकी, तिलहरी थियो । रिङ्ग घटनास्थलमै भेटिएको थियो" भनी बकपत्र गरिदिएको देखिन्छ भने मृतकका पति अम्बरबहादुर शाहीलेसमेत आफ्नो बकपत्रको स.ज. १० मा मृतकले फुली, बुलाकी र कानमा लगाउने सुनका गहना थिए, सो पनि लगे" भनी लेखाईदिएको देखिन्छ । निजको सो भनाईलाई समर्थन गर्दै मौकामा बुझिएका व्यक्ति नगेन्द्रकुमार शाहीले आफ्नो बकपत्रको स.ज. ७ मा "हत्यापछि उक्त गहना नभएको हुँदा निज प्रतिवादीले नै उक्त गहना लिनको लागि हत्या गरेको हुन्" भनी किटानीसाथ लेखाइदिएको देखिन्छ । घटनास्थल तथा लास प्रकृति मुचुल्काबाट हेर्दा पनि यदि यी प्रतिवादीले नै मृतकको टाउको शरीरबाट अलग गरी नकाटेको भए मृतकको टाउको घटनास्थलमै रहेको हुनुपर्ने थियो । तर त्यसो नभएको अवस्थामा हत्यामा संलग्न हुने निजबाहेक अरू कसले मृतकको टाउको घटनास्थलबाट अन्यत्र लग्यो ? वा वारदात हुँदाका बखत मृतकले लगाई राखेको गहना कसले लग्यो भन्नेबारेमा निज प्रतिवादीले आफ्नो मौकाको बयानमा विश्वासलायक र युक्तियुक्त जवाफ दिन सकेको पाईंदैन । साथै मृतकले घटना हुँदा गहना लगाएकी थिइनन् भनी प्रतिवादीले आफ्नो बयानमा जिकीर लिन सकेको

पाईंदैन । वारदात स्थलमा रिङ्ग भेटिएको भन्ने घटनास्थल तथा लाश प्रकृति मुचुल्का भएबाट समेत वारदात हुँदाका बखत मृतकले शरीरमा गहना लगाईराखेकी रहिछन् भन्ने देखिन आउँछ । यस स्थितिमा मृतकलाई हत्या गरी निजको टाउकोसमेत वारदातस्थलबाट अन्यत्र लगी फाल्ने समेतको कार्य गर्ने यी प्रतिवादीले नै मृतकको हत्यापश्चात् गहनासमेत लगेनन् भनी मान्न अथवा गहना लिन खानको लागि मृतकको हत्या गरेको होइन भनी जिकीर लिएको निजको इन्कारी बयानसमेतलाई विश्वासलायक मान्न सकिने अवस्था देखिन नआउँदा निज प्रतिवादी धनबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३ (१) नं. बमोजिमको अपराधमा सोही महलबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याउनुको अतिरिक्त मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिमसमेत थप सजाय हुने ठहऱ्याई चोरीको विगो प्रतिवादीबाट पीडित पक्षलाई भराई दिनेसमेत ठहऱ्याएको शुरू फैसलालाई नै सदर कायम गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको साधक फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्यूटरः रानु पौडेल

इति संवत् २०७० साल असार ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-००८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरु चन्द*

प्रतिवादी नरु चन्दले शुरू अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत मृतकलाई मार्ने नियतले ढुङ्गा प्रहार गरेको होइन रक्सी खाएको सुरमा हाँसो मजाक गर्दै ढुङ्गा हानाहान गर्दा अलि ठूलो ढुङ्गाले मृतक पदमबहादुर शाहीको टाउकोमा लाग्न गई सोही चोटको कारणले निजको मृत्यु भएको हो भनी कसूरमा सावित भई बयान गरेको देखिन्छ । मृतकको Autopsy Report (शव परीक्षण प्रतिवेदन)मा मृत्युको कारण सम्बन्धमा "The cause of death is a blunt trauma to head leading to fracture of skull bone" भन्दै hemorrhage leading to marked increase in intracranial pressure and damage to vital antes of the brain भन्ने उल्लेख भएको र त्यसमा 'intracrianial भन्ने शब्दावलीसमेत प्रयुक्त भएबाट खप्परको हड्डीसमेत फुटेर भित्रसम्म चोट पुगेको भन्ने देखिन आउँछ । जसबाट प्रतिवादी नरु चन्द स्वयंको बयान व्यहोराअनुसार पनि निजले जिस्कँदै मृतकतर्फ फालेको ठूलो ढुङ्गा मृतकको टाउकोमा लाग्न गई सोही चोटको कारणले मरेको भन्ने तथ्यसंग तादात्म्यता राख्न गएको देखिन्छ । तथापि ढुङ्गा जस्तो गह्रुङ्गो वस्तुले हानाहान खेलेको भन्ने प्रतिवादीको भनाई आफैँमा पत्यारिलो र स्वभाविक देखिन नआउने ।

मृतकलाई मार्नु पर्नेसम्मको कुनै पूर्व रिसइवी रहेको नदेखिए तापनि काम गरेको ज्याला रकम बुझी बाटोमा अघिपछि गर्दै हिड्ने क्रममा प्रतिवादी नरु चन्दले एक्कासी ठूलो ढुङ्गा मृतकतर्फ फाल्दा मृतकको टाउकोमा लाग्न गएको भन्ने जिकीर लिएको देखिन्छ । जाहेरवाला करवीर शाही, मृतककी श्रीमती विमला शाही र मौकामा कागजगर्ने धनबहादुर शाहीले गरेको बकपत्र व्यहोराबाट समेत सो तथ्य समर्थित भइरहेको देखिन्छ । बकपत्र गर्नेहरूमध्ये जाहेरवाला करवीर शाही र विमला शाहीले मृतक र प्रतिवादीबीच पहिला पनि पटकपटक झैझगडा हुने गरेको र प्रहरी चौकीमासमेत गई मिलापत्र गर्ने गरेको भनी बकपत्र गरेको देखिन्छ तर पनि सानोतिनो विवादको विषयबाहेक यी मृतक पदमबहादुर शाही, नरु चन्दबीच कुनै ठूलो विवाद भई सोही आधारमाा पूर्व रिसइवी थियो भनी मान्न सकिने अवस्था मिसिल संलग्न कहीं कतैबाट खुल्न आएको देखिँदैन । तथापि यी प्रतिवादी नरु चन्दकै हातबाट ठूलो ढुङ्गा प्रहार भई मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा लाग्न गई, सोही कारणले मृतकको खप्परको हड्डी फुटी दिमागमा गम्भीर आघात पर्न गएको कारणले मृतकको मृत्यु भएको तथ्य स्थापित हुन पुगेको देखिँदा प्रतिवादी नरु चन्दलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको शुरू जाजरकोट जिल्ला अदालतको

फैसला सदर कायम गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६९।२।२२ मा भएको साधक जाहेरी फैसला मुनासिब देखिँदा सदर हुने ।

प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय ठहर गर्दा चर्को पर्न जाने हो कि भन्नेतर्फ विचार गर्दा पहिला पनि विवाद र झैझगडा हुने गरेको भनी जाहेरवाला तथा मृतककी श्रीमतीले बकपत्र गरिदिएको भएतापनि प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष भएको बयान तथा वारदातको दिन घटेको घटनाक्रमसमेतलाई विचार गर्दा पहिलादेखिको कुनै पूर्व रिसइवी रहेको र सोही कारण पूर्व योजना बनाई कर्तव्य गरी मारेको भन्ने मिसिल संलग्न कहीं कतैबाट खुल्न आएको नदेखिँदा र प्रतिवादी र मृतक दुबैले मादक पदार्थ सेवन गरेको अवस्था सो वारदात घटना भएको हुनाले अन्य सङ्गीन प्रकृतिको पूर्व रिसइवी योजना र तयारीसहित ज्यान मारेको कर्तव्य ज्यान मुद्दामा सरह सर्वश्वसहित जन्मकैदको हदैसम्मको कैद सजाय गर्दा चर्को पर्न जाने देखिँदा पुनरावेदन अदालत, सुर्खेतबाट मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष मात्र कैद सजाय गर्नेगरी राय ठहर गरेकोसमेत मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवीलाल सुनारसमेत*

प्रतिवादीहरू देवीलाल सुनार र तिलवीर कामीले अदालतसमक्ष कसूरमा इन्कार रही बयान गरेको देखिए तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा घटनाक्रमसहित आफूहरूले मिति २०६७।७।१९ गते अन्दाजी दिउँसो ३ बजेतिर ढुङ्गा तथा लाठासमेतले टाउकोमा प्रहार गरेको भनी साबितै रही बयान गरेको देखिन्छ । त्यसरी बयान गर्ने क्रममा प्रतिवादीहरूमध्येका देवीलाल सुनारले मृतकलाई मृतककै हातको लौरो खोसेर निधारलगायत टाउकोमा प्रहार गरेको भनी बयान गरेका छन् भने सहअभियुक्त तिलवीर कामीले आफूले ढुङ्गासहितको माटोको डल्लाले मृतकको शरीरमा हानेको र देवीलाल सुनारले लौरोले टाउकोलगायतमा हानेका हुन् भनी बयान गरेको देखिन्छ । निजहरूको सो बयानलाई मौकामा बुझिएकी मनरूपा घिमिरे र यामकुमारी थापासमेतले घटनास्थलमा पुग्दा मृतकलाई प्रतिवादीहरूले लाठा, मुक्का, ढुङ्गासमेतले प्रहार गरेको आफैले देखेकी हुँ भनी बकपत्र गरी दिएको देखिन्छ । मृतकको घा चोट विवरण र मिसिल संलग्न मृतकको तस्वीरबाट समेत मृतकको निधारमा बाँयापट्टी कन्चटको नजिक रगत बगिरहेको गम्भीर प्रकृतिको घाउ रहेको प्रष्ट देखिएबाट पनि उक्त बकपत्रलाई पुष्टि गरिरहेको अवस्था छ । प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेत विरेन्द्रनगरले दिएको Autopsy Report (शव परीक्षण प्रतिवेदन) बाट पनि टाउकामा लागेको चोटको कारणले मृत्यु भएको भनी उल्लेख भएको देखिँदा, मृतकको मृत्यु प्रतिवादीहरूले प्रहार गरेको ढुङ्गा, लाठा तथा लात मुक्कासमेतको प्रहारले टाउकोसमेतमा गम्भीर चोट लाग्न गई घाइते भई सोही चोट पीरका कारणले उपचारको क्रममा मिति २०६७।७।२५ गते मृतक चन्द्रबहादुर घिमिरेको मृत्यु भएको तथ्य स्थापित भएको देखिन्छ ।

तसर्थ उल्लिखित कारण र आधारमा सुर्खेत जिल्ला अदालतले अभियोग दावीबमोजिम यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैद हुने ठहऱ्याएको फैसलालाई सदर कायम गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१०।१८ को साधक जाहेरी फैसला मुनासिब देखिँदा सदर हुने ।

प्रतिवादीहरूलाई ठहर सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जान्छ भन्ने आधारमा पुनरावेदन अदालत, सुर्खेतले मुलुकी ऐन, अ.बं. १८८ नं. को व्यवस्थासमेत आकर्षित हुने भनी राय व्यक्त गरेको सम्बन्धमा विचार गर्दा, मृतक र यी प्रतिवादीहरूबीच वारदातको दिन बंगुरको

मासु किन्ने विषयमा साधारण झगडा भएको भन्नेबाहेक अन्य पूर्व रिसइवी रहे भएको मिसिल संलग्न कहीं कतैबाट देखिन आएको छैन । जसले गर्दा मृतकलाई प्रतिवादीहरूले पूर्वयोजना बनाई तयारीपूर्वक मृतकको हत्या गरेको भन्ने नदेखिई तत्काल उब्जेको विवादको विषयबाट झगडा भई हानाहान हुँदा ढुङ्गा तथा लाठाले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेको कारणबाट गम्भीर चोट लाग्न गई उपचारको क्रममा मृतकको मृत्यु भएको भन्ने देखिँदा यस्तो स्थितीमा हदैसम्म कैद सजाय गर्दा चर्को पर्न जाने हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतले व्यक्त गरेको रायसमेत मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असार ५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-००८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर कार्की*

प्रतिवादी मानबहादुर कार्कीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षसमेत गरेको बयानबाट मिति २०६७।१२।२४ गते वारदातको दिन यी प्रतिवादीले पसलमा मदिरा सेवन गरिरहेको अवस्थामा मृतक रूपा शाहीलाई कतैबाट आई घरतर्फ जाँदै गरेको देखेपछि निज मृतकको पछि पछि लागि गई एकान्त बाटोमा भेटेपछि मृतकलाई करणी गर्ने नियतले जवर्जस्ती हात समाई बाटोदेखि पर लगी करणी गरेको भन्ने देखिन्छ । त्यसपश्चात् पनि निजको पछि पछि लागी कसैलाई नभन्नु बदनाम हुन्छ भनी मृतकलाई सम्झाउन खोज्दा मेरो पछाडि लाग्छस् आज जे गरिस् भोली थाहा पाउलास् भनी गाली गरेपछि अब बेईज्जत गर्ने भई भन्ने ठानी मृतकलाई ढुङ्गाले टाउकोमा हानी ढलेपछि निजकै पटुकाले घाँटी कसेको भन्ने देखिन्छ । मृतक चल्न छाडेपछि घिसार्दै नजिकै रहेको ढुङ्गाको ओढार जस्तो ठाउँमा लास राखी ढुङ्गाले छोपी घरतर्फ गए भनी घटना विवरणसहित साविती वयान गरिदिएको देखिन्छ । मिसिल संलग्न घटनास्थल तथा लास प्रकृति विवरण र घटनास्थलमा खिचिएको मृतक लासको तस्वीरबाट पनि मृतक लास ठूलो ढुङ्गाको कोप्चेरोमा ढुङ्गाहरूले च्यापेर छोडेको अवस्थामा रहेको देखिएबाट प्रतिवादीको दुवै वयान व्यहोरालाई उक्त तस्वीरबाट समेत समर्थित भईरहेको देखिने ।

शव परीक्षण प्रतिवेदनको Cause of Death शीर्षकमा महिलाको मृत्यु सम्बन्धमा "Cause of death couldn't be ascertained due to decomposition of body" भन्ने उल्लेख भएको देखिन्छ भने लासको पेटभित्र भेटिएको (नवजात शिशु सम्बन्धमा) 'Fetus' भनी सोको मृत्युको कारण सम्बन्धमा "Cause of Death couldn't be ascertained due to decomposition sex, couldn't be identified due to decomposition. Age approx 5 months according to length and weight" भन्ने उल्लेख भएको देखिन्छ । Fetus भनेको के हो ? भन्ने बारेमा हेर्दा Dorland's pocket medical Dictionary (20th edition) को पेज नं. F-5 मा "The developing individual in the egg or uterus specially in the later stages of development in man after the end of the second month" भन्ने उल्लेख भएबाट गर्भमा अण्डाको रूपबाट मानवरूपमा विकसित हुने क्रममा रहेको दुई महिनापछिको गर्भस्थ शिशुको अवस्था हो र सोको लिङ्ग पहिचानसमेत ज्यादै सडिगली गएको कारण हुन नसकेको भन्ने बुझ्न सकिन्छ । मृतकको लासमा भेटिएको उक्त (Fetus) गर्भस्थ शिशुको उमेर पनि अन्दाजी ५ महिनाजतिको हुन सक्ने भन्नेसमेत उल्लेख भएको देखिँदा सो शव परीक्षण प्रतिवेदनमा उल्लिखित रायसँग Medical dictionary मा उल्लिखित सो परिभाषाको तादात्म्यता रहन गएको देखिन्छ । जसबाट मृतक रूपा शाहीको मृत्युको साथसाथै सो लासभित्र विकसित हुने क्रममा रहेको नवजात शिशुकोसमेत मृत्यु हुन पुगेको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । डाक्टरले गरिदिएको शव परीक्षण प्रतिवेदनबाट प्राविधिक कारणवश मृतकको मृत्युको यकीन कारण पत्ता लाग्न नसकेको भनिएता पनि प्रस्तुत मुद्दाको सन्दर्भमा मृतकको

मृत्यु के कसरी भएको हो भन्ने सम्बन्धमा प्रतिवादी स्वयंले गरिदिएको घटनाक्रमसहितको बयान व्यहोरा, घटनास्थल तथा लाश प्रकृति मुचुल्का, मिसिल संलग्न शवको तस्वीर तथा, शव परीक्षण प्रतिवेदन र गवाहहरूको बकपत्रलगायत भौतिक तथा परिस्थितिजन्य प्रमाणहरूसमेतको आधारबाट हेर्दा कुनै दुविधा रहेको नभई यिनै प्रतिवादी मानबहादुर कार्कीले नै मृतक गर्भवती रूपा शाहीलाई पहिला जवर्जस्ती करणी गरी तत्पश्चात् आफ्नो सो कसूर सार्वजनिक हुने डरले लुकाउन छिपाउन ढुङ्गाले मृतकको टाउकोमा प्रहार गरी मारी ओढारमा ढुङ्गाले नै च्यापी छोपी लुकाएको तथ्य स्थापित हुन आएकोले यी प्रतिवादीलाई अ.बं. १८८ नं. को सुविधा प्रदान गर्न नमिल्ने निष्कर्षसहित निज प्रतिवादीलाई शुरू अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद तथा जवर्जस्ती करणीको महलबमोजिमसमेत सजाय हुने ठहऱ्याएको फैसलालाई नै सदर कायम गर्दै पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।१२।१४ मा भएको साधक जाहेरी फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असार ५ गते रोज ४.शुभम् ।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WH-०००८, बन्दीप्रत्यक्षीकरण, *भीमकुमारी सिंह वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत*

प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मितिले एकवर्षभित्र मुद्दाको किनारा नभएमा थुनाबाट छोडी कारवाही गर्नुपर्छ भनी स्पष्ट उल्लेख भैरहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको सन्दर्भमा प्रहरीले पक्राउ गरी हिरासतमा राखेदेखिकै समयको गणना गर्न मिल्ने नभई अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्ने प्रयोजनार्थ पहिलो पटक प्रमाण मुकररको लागि तोकिएको तारिखको मितिदेखि मात्र थुनामा रहेको मानी समयावधि गणना गर्नुपर्ने ।

निवेदक बालकृष्ण सिंहसमेतको हकमा मिति २०६९।६।१५ मा थुनछेक आदेश भएपश्चात् भक्तपुर जिल्ला अदालतबाट अन्य कुनै थप आदेशहरू भए गरेकोसमेत मिसिल कागजातहरूबाट देखिन आउँदैन । यस परिस्थितिमा प्रस्तुत मुद्दाको सन्दर्भमा अदालती बन्दोबस्तको १२३ नं. बमोजिम अभियुक्त कहिलेदेखि थुनामा रहेको मानी सो थुना अवधिको गणना शुरू गर्नुपर्ने हो भन्ने बारेमा यकीन र प्रष्ट राय ठहर हुनुपर्ने देखिएको अवस्थामा प्रस्तुत रिट निवेदनमा आधार लिइएका उल्लिखित नजीरहरूमा गरिएको व्याख्यासँग यस इजलासको फरक धारणा रहन गएकोले ती उल्लिखित नजीरमा भएका रूलिङसँग यो इजलास सहमत नहुँदा रिट निवेदनमा निहित विवादको विषय मुलुकी ऐन, अदलती बन्दोबस्तको १२३ नं. ले गरेको कानूनी व्यवस्थाको व्याख्या पूर्ण इजलासबाट हुनपर्ने देखिएकोले संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल असोज ८ गते रोज ३ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-RE-०००८, ००१६, सरकारी छाप कीर्ते, *प्रशान्त अग्रवाल वि. नेपाल सरकार*

पुनरावेदन अदालत, हेटौंडाके,

यसमा निवेदकमध्ये प्रशान्त अग्रवालको हकमा विचार गर्दा निजउपर चलेको सरकारी छाप दस्तखत कीर्ते र ठगीसमेतका मुद्दामा निजलाई ठगीतर्फ २ वर्ष कैद र रू. ७८,७५,०००।- जरीवाना हुने ठहरी मकवानपुर जिल्ला अदालतबाट भएको फैसलाउपर कैदबापत अ.बं. १९४ नं. बमोजिमको सुविधा पाऊँ भनी पुनरावेदन अदालत, हेटौंडामा

निज प्रतिवादीले निवेदन दिएकोमा सो अदालतले उक्त अ.बं. १९४ नं. को सुविधा दिन इन्कार गरेको देखियो । यी निवेदकलाई शुरू जिल्ला अदालत र पुनरावेदन अदालत, हेटौंडासमेतले पुर्पक्षको निमित्त धरौट लिई तारिखमा राख्ने आदेश गरी निज तारिखमा रही आएकोमा उक्त आदेश सर्वोच्च अदालतबाट बदर भई थुनामा राख्ने आदेश भएको र सो आदेशबमोजिम निजलाई तोकिएको तारिखअगावै निज स्वयं अदालतमा उपस्थित भई थुनामा बसेको र निजलाई जिल्ला अदालतबाट २ वर्ष कैद र जरीवानासमेत हुने ठहरी फैसला भएको र सोमध्ये निजले लगभग १ वर्ष कैद भुक्तान गरिसकेको अवस्था मिसिलबाट देखिन्छ । अ.बं. १९४(२) नं. को कानूनी व्यवस्था हेर्दा पुनरावेदन सुन्ने अदालतले भए पुनरावेदन गर्ने म्यादसम्म र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्ष कैद सजाय भएकोमा र पुर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौट वा जमानी लिई तारिखमा छाड्न सक्ने भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । साथै सोही अ.बं. १९४ नं. को देहाय ५ मा "देहायको मुद्दामा १ वर्षभन्दा बढी कैदको सजाय भएकोमा फैसला गर्ने अड्डाले र ३ वर्षभन्दा बढी कैद सजाय भएकोमा पुनरावेदन सुन्ने अड्डाले धरौट वा जमानीमा छाड्न इन्कार गर्न सक्नेछ" भनी देहायमा सरकारी कागजात कीर्ते गरेको मुद्दा भनी उल्लेख भएको छ । यी निवेदक प्रतिवादीलाई कीर्तेमा सजाय भएको नभई ठगी गरेको कसूरमा ३ वर्ष भन्दा घटी २ वर्ष कैद सजाय हुने ठहरेकोमा निजलाई भएको २ वर्ष कैदमध्ये निजले लगभग १ वर्ष भुक्तान गरिसकेको र सर्वोच्च अदालतको थुनामा राख्ने आदेशबमोजिम तोकिएको तारिख भन्दा अगावै निज स्वयं उपस्थित भई कैदमा बसेको देखिएको अवस्थामा निज भागी जाने वा प्रमाणमा हस्तक्षेप गर्नसक्नेलगायतको अवस्था भएको नदेखिनुका साथै निजले पुनः अपराध गर्नसक्ने आधार, कारण र अवस्थसमेत देखिन नआएकोले निजलाई भएको कैद भुक्तान गरी लगभग १ वर्ष मात्र बाँकी रहेको अवस्थासमेत विचार गर्दा निजलाई अ.बं. १९४ नं. को सुविधा दिन नमिल्ने भनी भएका त्यस अदालतको आदेश कानूनसम्मत् एवं तथ्यपूर्ण नदेखिई मिलेको नदेखिँदा सो आदेश बदर गरिदिएको छ । अब निजलाई भएको कैदमध्ये भुक्तान गर्न बाँकी रहेको अवधिको हुने कानूनबमोजिमको रकम निजले धरौटी वा जमानी दिए र निजले रीतपूर्वकको पुनरावेदन दर्ता गर्न ल्याए धरौटी वा जेथा जमानत लिई सो पुनरावेदन दर्ता गरी किनारा नभएसम्म सो कैदबापत पक्राउ नगरी तारिखमा राखी अरूमा कानूनबमोजिम गर्नू ।

निवेदक प्रतिवादी शिव श्रेष्ठका हकमा विचार गर्दा निजउपर चलेको सरकारी छाप दस्तखत कीर्ते र ठगीसमेतको मुद्दामा निजलाई २ वर्ष कैद र रू. ७८,७५०५०।- जरीवाना हुने ठहरी मकवानपुर जिल्ला अदालतबाट फैसला भएको उक्त फैसलाको तपसील खण्डबाट देखिएकोले निज प्रतिवादी मिति २०६८।७।२८ गतेदेखि हालसम्म थुनामा बसी अदालतबाट लागेको कैद भुक्तान गरिसकेको देखिँदा निजले रीतपूर्वकको पुनरावेदन दर्ता गर्न ल्याए कैदको हकमा पक्राउ नगरी जरीवानाको हकमा कानूनबमोजिम धरौट वा जमानत दिए पुनरावेदन दर्ता गरी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मंसिर १२ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७०-RE-०००३, कर्तव्य ज्यान, *राकेश मिश्र वि. नेपाल सरकार*

यसमा प्रतिवादी कसूरमा इन्कार रहेको भए पनि घटनाका प्रत्यक्षदर्शीरूपमा रहेको सहअभियुक्त दीपेन्द्र दुबेको बयानलगायत मिसिल संलग्न अन्य कागजातहरूबाट मृतकलाई यी प्रतिवादी राकेश मिश्रले गोली प्रहार गरेको र निजलाई स्थानीय व्यक्तिले समाउन खोज्दा निजले प्रहार गरेको तलकटुवा बन्दुक फाली भागी गएको भनी व्यक्त गरेको र सो बन्दुक घटनास्थलमा फेला परेको र शव परीक्षण प्रतिवेदनबाट गोली प्रहारबाट निजको मृत्यु भएको भनी मेडिकल अधिकृतले दिएको प्रतिवेदनबाट देखिएकोले तत्काल प्राप्त प्रमाणबाट निज कसूरदार हो भनी विश्वास गर्ने मनासिब आधार विद्यमान

भएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल निजलाई अ.बं. ११८ नं. को देहाय २ बमोजिम पुर्पक्षको निमित्त थुनामा राख्ने गरेको त्यस अदालतको आदेश र सो समर्थन गरी भएको पुनरावेदन अदालत, जनकपुरको आदेशसमेत मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मंसिर १२ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०७० सालको रिट नं. ०७०-WO-०३७१, उत्प्रेषणसमेत, *रविन महर्जन वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत*

अन्तरिम आदेशको माग सम्बन्धमा विपक्षीहरूसमेतलाई राखी निष्कर्षमा पुग्नुपर्ने हुनाले विपक्षीहरूसमेतलाई जानकारी गराई नियमानुसार गरी पेश गर्नू । सो सम्बन्धमा निष्कर्षमा नपुगेसम्मको लागि काठमाडौं महानगरपालिकाको कार्यालयको मिति २०७०।५।३० को पत्रमा उल्लेख भएअनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(२) अनुसारको कारवाही अगाडि नबढाउनु भनी विपक्षीहरूमध्येको काठमाडौं महानगरपालिकाको नाममा तात्कालिक अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मंसिर १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०७० सालको रिट नं. ०७०-WO-०३७२, उत्प्रेषणसमेत, *ओमकृष्ण चौधरीसमेत वि. त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगञ्ज काठमाडौंसमेत*

अन्तरिम आदेशको माग सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०६८।९।८ को पत्र र मिति २०६८।९।१ का दिन विश्वविद्यालयका माननीय शिक्षा मन्त्री तथा सहकुलपतिको अध्यक्षतामा बसेको बैठकबाट नेपालमा स्थापना भएका प्राइभेट मेडिकल कलेजहरूमा अध्ययन गर्न विद्यार्थीहरू अपर्याप्त भएमा शिक्षा मन्त्रालयबाट लिइएको छात्रवृत्ति छनौट परीक्षामा उत्तीर्णहरूबाट सम्बन्धित विश्वविद्यालय तथा कलेजहरूले भर्ना गर्नसक्ने परम्परा विकास गर्ने निर्णय भएको" र त्रि.वि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालय, महाराजगञ्जको मिति २०७०।४।३० को पत्रमा "यस अध्ययन संस्थानको प्राज्ञिक नियन्त्रणमा रही निजीस्तरमा सञ्चालन भएका मेडिकल तथा पारामेडिकल कलेजहरूमा सञ्चालित स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न २०६९।९।५ गतेपछि भर्ना भएका विद्यार्थीहरूलाई एक पटकको लागि मात्र Regular सरह परीक्षामा सामेल हुन दिने निर्णय गरिएको" देखिएका आधारहरूबाट प्रस्तुत रिट निवेदन सम्बन्धमा निर्णय भएअनुसार हुने हुँदा तत्कालको लागि निवेदकहरूले नियमित छात्रको रूपमा अध्ययन गरी राखेको बुझिएकोले निजहरूलाई अध्ययन गरी राखेको कोर्षको विषयमा हुने परीक्षाबाट बञ्चित नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मंसिर १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०३६७, उत्प्रेषण, *आनन्द बराल वि. सार्वजनिक खरीद अनुगमन कार्यालय, ताहाचलसमेत*

निवेदकलाई कालोसूचीमा राख्ने भनी मिति २०७०।७।२३ को गोरखापत्रको सूचनामा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३(१)(ग) को अख्तियारी प्रयोग गरिएको भनिएता पनि कार्यको गुणस्तर सम्झौताबमोजिम नभएको र सो कार्यको गाम्भीर्यता प्रमाणित भएको उल्लेख हुन सकेको पाईंदैन । यसका अतिरिक्त एक वर्ष कालोसूचीमा राख्ने निर्णय कानूनसम्मत् भई रिट खारेज भएमा सो मितिबाट निवेदक एक वर्ष कालोसूचीमा रहनसक्ने नै भएको र सो निर्णयको कार्यान्वयन तत्काल नरोक्दा एक वर्षपछि यस रिट निवेदनको प्रयोजन समाप्त हुने भएबाट सुविधा सन्तुलनको दृष्टिकोण र अपूरणीय क्षतिको सम्भावनाले गर्दा यो रिटको अन्तिम किनारा नलागेसम्म निवेदकलाई कालोसूचीमा राख्ने मिति २०७०।७।१५ को निर्णयअनुसारको मिति २०७०।७।२३ को गोरखापत्रको सूचना कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मंसिर ९ गते रोज १ शुभम् ।